**Academic Voices**
**A Multidisciplinary Journal**
**Volume10, No. 1, 2020**
**ISSN: 2091-1106**

# डायस्पोरिक सिद्धान्तको बैसिष्ट/प्रकृति अध्ययन

**विश्वम्भर कुमार शर्मा**
नेपाली विभाग, त्रि वि, ठाकुर राम बहुमुखी क्याम्पस, वीरगञ्ज, नेपाल

**सार**
*डायस्पोरिक भन्ने शब्द प्राचीन ग्रीसेली, ल्याटीन भाषाको शब्द हो। साहित्यमा डायस्पोरिक्ताको प्रयोग आफ्नो जन्मथलो या मातृभूमी छोडेर पराइ मुलुक वा स्थानमा बस्न बाध्य समुदाय, उसले व्यहोरेको परिवेश र चिन्तनबाट उत्पन्न मानसिकताको अभिव्यक्तिलाई लिइन्छ । हरेक व्यक्तिको जीवनमा बाच्ने अभिष्ट हुन्छ, इच्छा, चाहना, अभिलाषा र बाध्यताहरु हुन्छन् । ती कुराहरुको आपुर्तिका निम्ति प्रयासरत, संघर्षरत घर न घाटका ती व्यक्तिहरुका अनिर्णयको स्थिति, संदिग्घता, भय, चिन्ता, असुरक्षा र त्रासपूर्ण जीवनको उदासिन्ता, निरासा आदि नै डायस्पोरा हो ।*

**मुख्य शब्दहरु :**
*डायस्पोरिक्ता; द्वैधता; उदासिनता; अभिलाषा; ऐकान्तिकता*

## परिचय

डायास्पोरा शब्द ग्रीसेली भाषाबाट आएको अंग्रेजी शब्द हो। तर अहिले आप्रवासमा अस्तित्वका लागि संघर्षरत रहेको एउटा समुदायको चिन्तनलाई चिनाउनका लागि यो शब्द प्रयोग गरिन्छ। यसलाई आप्रवासी, देशपरीय आदि शब्दले चिनाउने प्रयास गरिएपनि यसको खासै अर्थ छैन्। किनभने डायस्पोराले दिने स्थान, संस्कृति, आत्मीयताबाट बिछिन्न अवस्थामा हुने संत्रास, पीडा र परिचय संकट हो । तर आप्रावासीको सम्बन्धम देशमा प्रवेश गर्नुसँग हुन्छ । किनकी आप्रावासीले आफ्नो काम विशेष आई फेरी फर्किने गर्दछ तर डायस्पोराले कुनै देशमा प्रवेश मात्र नगरी त्यस देशमा हरेक कला, संस्कृति, नियम, कानून, रहनसहन अर्थात अन्तरमिश्रण सहित स्थायी बसोवासको प्रवल आकाङ्क्षाको हुन्छ। मलेसिया, कतार, साउदी अरब वा इजरायल जाने र अमेरीका, क्यानाडा, बेलायत, अस्ट्रेलिया, जापान, सिंगापुर आदि देशमा जाने अधिकान्स मानिसहरुको चाहना फरक हुन्छन् । पढ्न वा श्रम गर्न मात्र विदेश जानु आप्रवासी हुनु हो, देशको सिमा नाघेर देश परिय हुनु हो,

तर पाएसम्म लुकेर भएपनि त्यतै बस्ने पि.आर वा ग्रीनकार्ड प्राप्त गर्न हर प्रयासमा लाग्नेहरुले डायस्पोरा सिर्जना गर्ने गर्दछन् । जुन तिनीहरुका आफ्नो देश हुदैन्, न कला संस्कृति न भेषभुषा हुन्छ, आफ्नो परिचय विहिन भएको हुन्छ त्यही नै डायस्पोरा हो । विगत दुई दशकदेखि साहित्य रचना अनि समालोचना विश्लेषणको एउटा नयाँ क्षेत्रको रुपमा डायस्पोरा आएको छ । डायस्पोराको अध्ययन परम्परा देखि नै भएको पाइन्छ । विश्वमा डायस्पोरा शब्दको इतिहास निकै पुरानो छ । विद्वानहरुको यो प्राचीन युनानी शब्द हो । प्राचीन युनानीहरु पर–परसम्म छरिएर रहेको अर्थमा डायस्पोराको प्रयोग गर्थे । उनीहरुले शुरुमा बिरुवाको बीऊ छरिने अर्थमा युनानी शासकहरु आफुहरुद्वारा विभाजित भूमीमा बसोवास गर्न पठाएका आफ्ना नागरिकलाई पनि यहि शब्दले पुकार्ने गर्थे । यसको इतिहास खास गरेर यहुदीहरुको भागाभागको अवस्थासंग पनि जोडिएको छ । डायस्पोरा शब्द ग्रीक भाषाबाट आएको हो तर डायस्पोरिकता शब्द प्राचीन बेबीलोनलाई बुझिन्छ । बेबीलोन जहाँ ईसापूर्वक चार हजारमा ह्याङगिङ गार्डेन बनेको थियो । बेबीलोनको बगैचा जुन सातौ आश्चर्यमा एक थियो । मेसोपोटानीयाको दक्षिणतिर टिग्रीस र यूफ्रिटिस नदीको किनारमा अवस्थित बेबीलोनियामा त्यस बेला प्यालेस्टाइन पनि समावेश थियो । त्यही यहुदीहरुलाई ईसापूर्व ५८६ देखि ५३८ सम्म झन्डै चालिस वर्ष बन्दी बनाइएको थियो । त्यहाँ मुक्त भएपछि ती यहुदीहरुले आफ्नो जन्मभूमि बस्नुको सट्टा त्यस भूमीलाई छाडेर अन्यत्र चारैतिर छपरिएर बस्न थाले । समय वित्दै जाँदा ठूलो संख्यामा यहुदीहरु अलेक्ज्यान्ड्रीया, दक्षिणी युरोप तथा एसिया माइनरमा बसोवास गर्न थाले । सन् ७० मा रोमालीहरुद्वारा लाडाइमा हराएर केही यहुदीहरुलाई रोममा ल्याइयो र त्यसपछि मातृभूमिबाट धपाएपछि यहुदीहरु अन्य धर्मावलम्बी राष्ट्रहरु फ्रास, जर्मनी, बेलायत आदी देशहरुमा निर्वासित जीवन विताउन थालेका थिए । खास उत्पति भूमीबाट यहुदीहरुको भिन्न स्थानमा भएको त्यही निर्वासनलाई डायस्पोरा भनिएको । ग्रीक भाषाको डायस्पोरा शब्दको आज पनि कोशीय अर्थ त्यही नै भन्न सकिन्छ ।

विसौं सताब्दीको अन्त देखि डायस्पोरा शब्दको अर्थमा विस्तार भएको पाइन्छ । अब जुनसुकै देशबाट भएपनि आफ्नो जन्मभूमि छाडेर अन्य स्थानमा वा मुलुकमा बस्न बाध्य समुदायलाई डायस्पोरा भन्ने गरिन्छ । विज्ञान र प्रविधीले संसारमा सञ्चार, ज्ञान तथा आवगमन सुगम पार्दै गएकोले एउटा भौगोलिक सिमाना भित्र अनैकौ डायस्पोरा बन्न थालेका छन् । जस्तै ल्हासाका नेपाली भारतका बेलायती श्रीलंकाका काश्मीरी अमेरिकी नेपाली आदि जस्ता कुनै पनि देश छैन जहाँ एक भन्दा धेरै डायस्पोरा नहुन, सबै देशमा मानिसहरु आफ्नो सुखसुविधाका लागि बसाई सरेर गएका हुन्छन् ।

## निष्कर्ष

मानिसले डायस्पोराको निर्माण गर्नुपर्ने अनेक बाध्यता हुन्छन् । आफ्नो ठाउँ छोड्नु र फेरी त्यससंग जाडिन नसक्नुहालाई बाध्यता नै भन्नु पर्ने हुन्छ । यद्यपी त्यसमा कोही रहरले होलान, कोही युद्धले, कोई बाध्यताले, कोही एडभेन्चरको खोजीले आफ्नो स्थान छोडदै भाग्दै अन्यत्र जान बाध्य भएका छन् । तिनीहरु एकदिन फर्केर आउलान भने आशा छन् ।

कोही युद्धबन्दी हुन्छन, कोही शरणार्थी, कोही दास, कोही सैन्य, कोही विद्यार्थी यसरी सयौ कारणहरुले मानिसहरुलाई पाखा ठेल्दछन् । ती फर्केर आउन नसक्नु एउटा लामो अनिर्णयको स्थिति हो, तिनीहरुले त्यही एउटा ससाना समाज निर्माण गर्दछन्, त्यसैलाई डायस्पोराको रुपमा चिनिन्छ ।

## सन्दर्भ सामग्री :


भट्टराई, गोविन्दराज, २०६४ यमपुरीको महल, साझा प्रकाशन, पुलचौक, ललितपुर

एटम, नेत्र, २०६६ नेपाली डायस्पोरा र अन्य समालोचक, एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि. थापाथली, काठमाडौ. ।

न्यौपाने, श्रीराम, २०६४ नेपाली कथा र उपन्यास, जनसाहित्य उत्थान समाज, बत्तीसपुतली, काठामाडौं ।

गौतम, कृष्ण, २०६४ उत्तरआधुनिक जिज्ञासा, काडमाडौं, भृकुटी एकेडेमीक पब्लिकेशन ।